नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय अनुसन्धान विभाग**
बरफबाग, सिंहदरबार

# मोटरसाईकलहरू खरिद कार्यको सिलबन्दी बोलपत्र आह्वानसम्वन्धी सूचना

**गो.प.मा प्रथमपटक प्रकाशित मिति : २०७४।६।२६ गते**

यस विभागको लागि चालु आ.व.२०७४।७५ मा आवश्यक भएको ११(एघार) थान मोटरसाईकलहरू बोलपत्रको माध्यमद्वारा खरिद गर्ने सम्वन्धमा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत बिक्रेता तथा फर्महरूबाट निम्न सर्तहरूको अधिनमा रही रीतपूर्वकको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्महरूबाट चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरी रू.१०।- को टिकट टाँसी, निवेदन पेस गरेमा प्रति थान फारामको राजस्व दस्तुर रू.३०००।- (तीन हजार) तिरी यस विभागबाट प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फारामसाथ को.ले.नि.का.काठमाडौं भुक्तानी केन्द्र ४ सिंहदरबार, एभरेष्ट बैंक लि. नयाँबानेश्वरको धरौटी खाता नं.१३५००१ मा जमानतबापत जम्मा गरेको रू.५८,०००।- (अन्ठाउन्न हजार)को सक्कलप्रति बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट यस विभागको नाममा जारी भएको, कम्तिमा १२०(एक सय बीस) दिन म्याद भएको बैंक ग्यारेण्टी (बिडबण्ड) पेस गर्नु पर्नेछ ।
३. बोलपत्र फाराम अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस विभागको दर्ता शाखामा बुझाउनु पर्नेछ, र बोलपत्र खोल्ने कार्य सोही दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरूको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
४. उपलब्ध गराउने मोटरसाईकल विभागीय टेक्निकल स्पेशिफिकेशन बमोजिम हुनु पर्नेछ, मोटरसाईकलको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्रसाथ समावेश गरी Servicing, Warranty आदि सम्वन्धमा समेत खुलाउनु पर्नेछ ।
५. विभागबाट प्राप्त बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर उल्लेख गरेमा अक्षरमा उल्लेखित दर कायम गरिने छ ।
६. म्याद नाघि आएको वा रीत नपुगेको वा विभिन्न सर्त उल्लेख गरेको बोलपत्र उपर कुनै कारबाही हुने छैन, बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ । बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्न सकिने छ ।
७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।
८. अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तय भएवमोजिम हुनेछ ।